नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- २०७९/०८०
चलानी नं.:- २११

मितिः २०७९/०८/०२

## बालमैत्री स्थानीय शासन प्रशिक्षक प्रशिक्षणको लागि अभिरूची फारम भर्ने सम्बन्धी सूचना।

वि.स.२०८७ भित्र सबै स्थानीय तहलाई बालमैत्री स्थानीय तह बनाउने लक्ष्य सहित बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ स्वीकृत भई कार्यान्वयनमा आएको छ। समृद्ध नेपाल-सुखी नेपालीको राष्ट्रिय अभियानलाई सफल बनाउन बाल अधिकार सुनिश्चित हुनेगरी स्थानीय तहको नीति, योजना, कार्यक्रम, कार्यप्रकृया र संरचनामा बालबालिकाको सवाललाई मूल प्रवाह गर्दै लैजाने कार्यमा सहयोग हुनेगरी दक्ष जनशक्ति तयार गर्ने उद्देश्यले सञ्चालन गर्न लागिएको बालमैत्री स्थानीय शासनः प्रशिक्षक प्रशिक्षण कार्यक्रमको लागि सहभागी छनोट गर्ने कार्य भईरहेकोले इच्छुक व्यक्तिहरूले अभिरूची अनलाइन फाराम https://bit.ly/cflgtot मिति २०७९ /०८ /१५ गते भित्र भर्नुहुन अनुरोध छ। अभिरूची फाराम भर्नेमध्ये योग्यता र अनुभवको आधारमा तालिमका लागि छनोट भएका व्यक्तिहरूलाई प्रशिक्षक प्रशिक्षणमा सहभागी गराइने ब्यहोरा अनुरोध छ।

### सहभागी छनोटको क्षेत्रः

- स्नातक तह उतिर्ण भएको
- सिक्ने अभिरूची भएको,
- तालिम सहजीकरणको सीप भएको,
- सूचना प्रविधिको सामान्य ज्ञान भएको,
- सामुदायिक विकास, सहभागितात्मक योजना तर्जुमा प्रक्रिया, सामाजिक परिचालन, सामाजिक समावेशीकरण, लैङ्गिक समानता, वातावरणमैत्री पोषणमैत्री, बालमैत्री अभियानको क्षेत्रमा काम गरेको अनुभव प्राप्त भएकोलाई प्राथमिकता दिइनेछ।

नोटः थप जानकारी आवश्यक भएमा शाखा अधिकृत, नमराज वाग्ले मोबाइल नं. ९८५१०६२९८८ मा सम्पर्क गर्न सकिनेछ। तालिममा छनोट भएका सहभागीलाई इमेल मार्फत जानकारी गराइनेछ।

...............
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखाः वेवसाईटमा अपलोड गरिदिनुहुन।